# सूर्यविनायक नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय,भक्तपुर
# बागमती प्रदेश ,नेपाल

Branded ICT Items खरिद सम्बन्धी विद्युतीय बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८२।०५।२३)

यस नगरपालिका लागि Branded ICT Items विद्युतीय बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक र योग्य फर्महरुले तपसिलमा उल्लिखित शर्त बमोजिम विद्युतीय बोलपत्र पेश गर्न आह्वान गरिन्छ ।

१. विद्युतीय बोलपत्र दस्तुर रु.३,०००।- वापतको रकम यस सूर्यवनायक नगरपालिकाको NIC ASIA BANK सूर्यविनायक, भक्तपुरमा रहेको आन्तरीक राजस्व खाता नं. ग-१-१-००८२०५००४२१२०००३ र धरौटी रकम रु. ८२,०००।- NIC ASIA BANK सूर्यविनायक, भक्तपुरमा रहेको धरौटी खाता नं. ग-३-००८२०५००४२१२००१७ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिन म्याद भएको मान्यता प्राप्त बैंकको बैक ग्यारेन्टी बोलपत्रसाथ पेश गर्नुपर्नेछ । बोलपत्रदाताको बोलपत्र स्वीकृत भएपछि प्रचलित नियम अनुसारको रकम सम्झौता गर्नु अगावै धरौटी खातामा जम्मा गर्नुपर्ने वा यस कार्यालयको नाममा जारी भएको कार्यसम्पादन जमानत (Performance Bond) पेश गर्नु पर्नेछ । नगद धरौटी राखिएकोमा कार्यसम्पादन जमानतमा परिवर्तन गर्न पाईने छैन ।

२. बोलपत्र खरिदकर्ताले कम्पनी/फर्म दर्ता प्रमाण पत्र, बिक्री इजाजत पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

३ बोलपत्रदाताले खरिद कार्यमा अयोग्य नभएको, प्रस्तावित खरिद कार्यमा आफ्नो स्वार्थ नबाझिएको, खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको र व्यवसाय सम्वन्धी कसुरमा सजाय नपाएको भनी लिखित स्वघोषणापत्र पेश गर्नु पर्नेछ ।

४.बोलपत्र आह्वान सम्बन्धी सूचना प्रकाशन गरिएको मितिको ३१ औं (२०८०।०६।२२) दिनको १२.०० बजेभित्र विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्नु पर्नेछ ।

५. तोकिएको समयभित्र रितपूर्वक दर्ता हुन आएका विद्युतीय बोलपत्र सोही दिनको अपरान्ह १२.३० बजेदेखि बोलपत्रदाताको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाताका प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

६. बोलपत्र बिद्युतीय माध्यमबाट पेश गर्ने अन्तिम दिन विदा परेमा विदा पछि लगत्तै कार्यालय खुलेको दिन सूचनामा तोकिएको समयभित्र बिद्युत्तिय बोलपत्र पेश गर्न सकिनेछ ।

७. कार्यालयको हातासम्म ढुवानी वापत लाग्ने खर्च र सबै प्रकारका करहरु बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

८. बोलपत्र पेश गर्दा मूल्य अभिवृद्धि कर समेतको मूल्य समावेश गरी पेश गर्नु पर्नेछ ।

९. यो सूचनामा उल्लेख भएका कुराहरुको हकमा यसै बमोजिम र सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली,२०६४ बमोजिम हुनेछ ।

**तपसिल :**

| सि.नं | बोलपत्र नं. | विवरण | बैंक जमानत रकम रु | बैंक जमानतको म्याद | बोलपत्र दस्तुर रकम रु (फिर्ता नहुने ) |
|---|---|---|---|---|---|
| १ | SBM/Store/०२/२०८२/८३ | विभिन्न ब्राण्डेड ICT सामग्रीहरु | ८२,००० ।- | १२० दिन | ३,०००।- |

प्रमुख प्रशासकीय अधिकृत